# स्वरोजगार कोष सञ्चालन नियमावली, २०६५

**अवधारणा**

(१) नेपाल सरकारको निजी क्षेत्र र सरकारी क्षेत्रको साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

(२) वित्तिय संस्थाले विना धितो ऋण लगानी गर्दा असूली नहुने डर हुने भएकोले Risk Sharing गर्ने दृष्टिले ऋण र परियोजनाको वीमा नेपाल सरकारले गर्ने ।

(३) नेपाल सरकारको आफ्नो पूँजीले लक्षित वर्गलाई ऋण प्रवाह गर्ने कोष प्रयाप्त नहुने भएकोले हाल वित्तीय क्षेत्रको संकलित कूल वचतको ३% विपन्न वर्गमा लगानी गर्ने राष्ट्र वैंकको निर्देशन भएकोले स्वरोजगार कार्यक्रमलाई विपन्न वर्गको सूचीमा राखी उक्त रकम यस कार्यक्रममा परिचालन गर्ने । यस्ले गर्दा सरकारको बजेटमा चाँप नपर्ने ।

(४) स्वरोजगार कार्यक्रम आफै उत्पादन गर्ने, आफै खपत गर्ने (Self Production, Self Consumption) अर्थात जुन क्षेत्रमा जे कुरा आवश्यक हुन्छ सोही स्थानमा त्यस्ता उत्पादन खपत हुने र एक गाउँ एक उत्पादन सम्वन्धी अवधारणालाई प्राथमिकता दिई त्यसै आधारमा स्वरोजगार कार्यक्रम संचालन गर्ने ।

(५) स्वरोजगार कार्यक्रममा संलग्न हुने व्यक्ति वा समूह सानो स्केलको हुने भएकोले वजार व्यवस्था प्रत्येक गा.वि.स.मा स्थापना हुने सहकारी संस्थाले वजार मूल्यको (थोक विक्री) आधारमा खरिद गर्ने व्यवस्था गर्ने र यस्ता सहकारी संस्थालाई यस्तो खरीद विक्री गर्नेलाई सहुलियत दरमा ऋण उपलव्ध गराउने ।

(६) स्वरोजगार कार्यक्रममा सहभागी व्यक्तिको सानो व्यवसाय हुने भएकोले उत्पादन लागत बढी हुने हुँदा त्यसलाई प्रतिस्पर्धी वनाउन ऋणको व्याज रकमको ६० प्रतिशत किस्ता तिर्दा फिर्ता दिने ।

(७) वित्तीय क्षेत्रबाट लगानी गर्ने सामान्य सिद्धान्तलाई यस कार्यक्रमले खराव असर (Disturb) नगर्ने ।

(८) यस कार्यक्रमले वित्तीय संस्थामा भएको तरलतालाई अधिकतम खपत गर्ने र वैंकको व्यवसाय तथा वीमा व्यवसायको अभिवृद्धि हुने ।

(९) यस कार्यक्रमले दीर्घकालमा वैंकबाट ऋण लिने क्षमतामा अभिवृद्धि गर्ने ।

# परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

यो नियमावलीको नाम " स्वरोजगार कोष संचालन नियमावली, २०६५" रहेको छ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "कोष" भन्नाले नियम ३ वमोजिम स्थापना भएको " स्वरोजगार कोष" सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले नियम ६ वमोजिमको कोष संचालक समिति सम्झनु पर्छ ।

(ग) "वेरोजगार" भन्नाले शिक्षा आर्जन लगायत कुनै पनि पेशा व्यवसायमा संलग्न नरहेको तथा कुनै आय आर्जन गर्ने काममा संलग्न नभएको व्यक्ति सम्झनु पर्दछ ।

(घ) "सचिवालय" भन्नाले नेपाल सरकारले स्थापना गरेको स्वरोजगार कोष सचिवालय सम्झनु पर्छ ।

(ङ) "तालिम दिने निकाय" भन्नाले नियम ११ को उपनियम (२) बमोजिमको निकाय सम्झनु पर्दछ ।

# परिच्छेद २

# कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. **कोषको स्थापना** (१) स्वरोजगार कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) उपनियम (१) वमोजिमको कोषमा देहाय बमोजिम प्राप्त रकम तथा वस्तुगत रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त,

(ख) अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त,

(ग) नेपाली संघ, संस्थाबाट प्राप्त,

(घ) वित्तिय संस्थाबाट विपन्न वर्गमा लगानी गर्न तोकेको रकम मध्ये कम्तीमा एक प्रतिशत,

(ङ) लगानीवाट असुली रकम,

(च) अन्य श्रोतबाट प्राप्त ।

(३) उपनियम (२) बमोजिमको कोषमा जम्मा हुने रकम समितिले वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको खाताको संचालन समितिले तोके बमोजिम हुनेछ ।

क्रमशः

४. **<u>कोषको उद्देश्य</u>** : कोषको उद्देश्य देहाय वमोजिम हुनेछ :

(क) व्यवसायिक खेती तथा पशुपंक्षी पालन, कृषि तथा वनजन्य उद्योगमा ऋण लगानी

(ख) शहर र वजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा संचालन लगायतका सेवामूलक स्वरोजगार कार्यक्रममा ऋण लगानी,

(ग) परम्परागत शीप भएका कामी, सार्की, दमाई, धिमाल, राजवंशीसमेतलाई ऋण लगानी,

(घ) द्वन्द्वपीडित व्यक्ति, उत्पीडित जाति, जनजाति र क्षेत्र तथा महिलालाई ऋण लगानी,

(ङ) स्वरोजगार कार्यक्रम सञ्चालन गर्न चाहने बेरोजगारलाई तालिम प्रदान गर्ने,

(च) स्थानीय कच्चा पदार्थ र शीपमुलक परियोजना र जुन क्षेत्रमा उत्पादन हुने सोही क्षेत्रमा खपत हुने परियोजनालाई विशेष प्राथमिाकता दिने सम्वन्धि कार्य ।

(छ) एक गाउ“ एक उत्पादन सम्बन्धी परियोजनामा लगानी गर्ने कार्य ।

(ज) नेपाल सरकारले तोकेको अन्य वा समितिले निर्धारण गरेको कार्यहरू ।

क्रमशः

५. **<u>कोषको प्रयोग</u>** : कोषको प्रयोग देहाय बमोजिमका कार्यहरूमा खर्च हुनेछ :

(क) कोषको उद्देश्य अनुसार बैंक तथा वित्तीय संस्थाबाट सहुलियत व्याजदरमा विना धितो दुई लाख रुपैया सम्म आवधिक ऋण उपलब्ध गराउन,

(ख) ऋणको बीमाको प्रिमियम उपलब्ध गराउन,

(ग) आवश्यक तालिम उपलब्ध गराउन,

(घ) कार्यक्रमको प्रवर्द्धनको लागि आवश्यक अभिमुखीकरण कार्यक्रमहरूको सञ्चालन गर्न तथा स्वयंसेवकहरूको नियुक्ति र परिचालन गर्न,

(ङ) कोषको प्रशासनिक खर्च,

(च) अन्य आवश्यक कार्य गर्न ।

क्रमशः

# परिच्छेद ३

# <u>कोष संचालक समिति</u>

६. **<u>कोष संचालक समितिको गठन</u>** : कोषको उद्देश्य वमोजिम संचालन र रेखदेख गर्नको लागि देहाय बमोजिमको संचालक समिति रहनेछ :-

| | |
|---|---|
| अर्थ मन्त्री | - अध्यक्ष |
| गभर्नर, नेपाल राष्ट्र वैंक | - सदस्य |
| सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| वरिष्ठ आर्थिक सल्लाहकार, अर्थ मन्त्रालय | - सदस्य |
| अध्यक्ष, उद्योग वाणिज्य महासंघ | - सदस्य |
| अध्यक्ष, बिमा समिति | –सदस्य |
| अध्यक्ष, नेपाल वैकर्स एशोसिएसन | - सदस्य |
| अध्यक्ष, नेपाल विमक संघ | - सदस्य |
| सह-सचिव, बजेट महाशाखा, अर्थ मन्त्रालय | - सदस्य - सचिव |

क्रमशः

७. **<u>समितिको बैठक</u>** : (१) समितिको बैठकको कार्यविधि समिति आफै निर्धारण गर्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको वैठकमा छलफल हुने विषय तथा कार्यक्रम सहितको सूचना सदस्य सचिवले लिखित वा मौखिक रुपमा सवै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको वैठकमा समितिका बहुमत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको वैठकमा उपस्थित सदस्यको बहुमतद्वारा निर्णय गरिनेछ ।

(६) समितिको वैठकको निर्णय निर्णय पुस्तिका (माइन्यूट वुक) मा लेखिनेछ ।

(७) समितिको वैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

क्रमशः

**८. <u>समितिको काम, कर्तव्य र अधिकार</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) नेपाल सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थावाट नगद वा वस्तुगत सहायता स्वीकार गर्ने,

(ख) वेरोजगारलाई स्वरोजगारतर्फ उन्मुख गराउन आवश्यक कार्यक्रम संचालन गर्ने, गराउने,

(ग) कार्यक्रम प्रवर्द्धनको लागि अभिमूखिकरण कार्यक्रम संचालन गर्ने एवं आवश्यक स्वयंसेवकहरूको नियुक्ति र परिचालन गर्ने,

(घ) सम्बन्धित वित्तीय संस्थाले स्वरोजगार कार्यक्रम संचाल गर्न नियमानुसार स्वीकृत गरेको ऋण रकम उक्त वित्तीय संस्थालाई उपलब्ध गराउन वा सोधभर्ना दिने,

(ङ) ऋणको बिमा गरिएकोमा सो को प्रिमियम सम्बन्धित बीमा कम्पनीलाई भुक्तानी दिने र क्षति भएकोमा क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गर्ने,

(च) कोषको उद्देश्य अनुसारको तालिम कार्यक्रम संचालन गर्ने निकायको समन्वय गर्ने र सोको लागि आवश्यक व्यवस्थापन गर्ने,

(छ) कोषको रकमबाट ऋण लिई संचालित स्वरोजगार कार्यक्रमहरूको निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्ने गराउने,

(ज) कोषको लागि आवश्यक कर्मचारी, सल्लाहकार वा विशेषज्ञ करारमा लिने,

(झ) राष्ट्र बैंकबाट सहुलियत दरमा यस कार्यक्रममा सहभागी वित्तीय संस्थालाई पुनर्कर्जा उपलब्ध गराउन व्यवस्था गर्ने ।

(ञ) कोषको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम गर्ने गराउने ।

# परिच्छेद ४

# कोषले संचालन गर्ने कार्यक्रमको कार्यविधि

९. **स्वयंसेवक वा सहयोगीको नियुक्ति र परिचालन :**

(१) कोषको कार्यक्रमको प्रवर्द्धन गर्न कोषले पचहत्तर वटै जिल्लामा एक–एक जना स्वयंसेवक वा सहयोगी संस्था नियुक्ति गर्नेछ ।

(२) स्वयंसेवक वा सहयोगी संस्थाको चयन गर्दा परियोजना विकास गर्न सक्ने, स्थानीय स्तरमा परिचालित हुन सक्ने, तालिम कार्यक्रम संचालन गर्न सक्ने जस्ता विशेषतालाई आधार मानि स्थानीय  मध्येबाट चयन गरिनेछ ।

(३) स्वयंसेवक वा सहयोगी संस्थाको नियुक्ती करारमा तोकिएको सुविधा दिने गरी आवधिक समयको लागि गरिनेछ ।

(४) स्वयंसेवक वा सहयोगी संस्थाहरू कोषप्रति जवाफदेही रहनेछन् ।

(५) स्वयंसेवक वा सहयोगी संस्थाले कोषको उद्देश्य अनुरुपको कार्यक्रम प्रवर्द्धन गर्न अभिमूखिकरण कार्यक्रम, परियोजना विकाससम्बन्धी तालिम र अन्य प्रचारात्मक तथा चेतनामूलक कार्यक्रमहरू संचालन गर्नुपर्नेछ ।

क्रमशः

१०. <u>लक्षित समूह</u> :

कोषको उद्देश्य बमोजिम वेरोजगार व्यक्ति नै लक्षित समूह हुनेछ ।

११. <u>व्यवसायिक तालिमः</u>

(१) **<u>तालिमको विषयबस्तु</u>** : व्यवसायिक खेती तथा पशुपंक्षी पालन, कृषि तथा वनजन्य उद्योग वा सेवामूलक प्रकारका स्वरोजगार व्यवसाय समेत तालिमको विषयबस्तु हुनेछ ।

(२) **तालिम दिने निकाय :**

(क) उपनियम (१) मा उल्लेखित विषयमा तालिम संचालन गरिरहेका सरकारी निकाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूको पूर्वसूची तयार गर्नेछ ।

(ख) खण्ड (क) बमोजिमका संस्था छनौट गर्दा सकेसम्म स्थानीय स्तरमा तालिम संचालन गरिरहेका र गर्न चाहनेलाई विशेष प्राथमिकता दिइनेछ ।

(ग) खण्ड (ख) मा जुनसुकै कुरा उल्लेख भएतापनि तालिम दिने निकायलाई औचित्यताको आधारमा कोषले तालिम सामग्री र अनुदान बस्तुगत सहायता आवश्यकतानुसार उपलब्ध गराउन सक्नेछ ।

(घ) छनौट भएका तालिम दिने निकायले वेरोजगारलाई उपनियम (१) बमोजिमको विषयबस्तुमा व्यवहारिक किसिमको अल्पकालिन तालिम दिनु पर्नेछ ।

(ङ०)माथि जुनसुकै कुरा लेखिएको भएता पनि संभावित वेरोजगार ऋणीको लागि आवश्यक परियोजना विकास (एचयवभअत म्भखभयिऊभलत) गर्ने सम्बन्धी अभिमुखीकरण तालिम सम्बन्धित व्यक्तिलाई दिनु सम्बन्धित वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

क्रमशः

१२. <u>ऋण लगानी</u> :

(१) स्वरोजगार कार्यक्रम संचालनको लागि आवश्यक ऋण लिन, आफ्नो व्यवसायिक योजनाको आधारमा वित्तिय संस्थामा निवेदन दिनु पर्नेछ । सम्बन्धित वित्तिय संस्थाले आफ्नो  प्रकिया अनुसार बढीमा दुई लाख रुपैया सम्मको ऋण प्रदान गर्नसक्नेछ ।

(२) यस्तो ऋण समूह वा सहकारी लिन चाहेमा प्रतिव्यक्ति रु दुई लाख नबढ्ने गरी सामूहिक जमानीमा ऋण लगानि गर्न सक्नेछ ।

(३) ऋण स्वीकृत भएपछि स्वरोजगार मूलक परियोजना पूर्ण रुपमा ऋणको सावाँ, व्याज भुक्तानी नगरुन्जेल ऋणको सुरक्षणको रुपमा सम्वन्धित वित्तिय संस्थाले धितो राख्ने छ ।

(४) सम्बन्धित वित्तिय संस्थाले ऋण स्वीकृत गरेपछि प्रत्येक पन्ध्र–पन्ध्र दिनमा सोको सोधभर्नाको लागि तोकिएको विवरण सहित कोषमा निवेदन दिनुपर्नेछ ।

(५) उपनियम (२) वमोजिम विवरण प्राप्त भएको सात दिन भित्र प्रदान गरेको ऋण को सोधभर्ना सम्बन्धित वित्तिय संस्थालाई दिनेछ,

(६) उपनियम (१) वमोजिम प्रदान गरेको श्रृण रकम असुली भए पछि  प्रत्येक पन्ध्र–पन्ध्र दिनमा कोषले तोकेको खातामा जम्मा गर्नु पर्नेछ ।

क्रमशः

**१३. ऋणको विमा :**

(१) स्वरोजगार कार्यक्रम अन्तर्गत लगानी हुने ऋण र परियोजनाको एकमुष्ट विमा गराइनेछ ।

(२) विमा गराउँदा न्यूनतम प्रिमियम लिने कुनै एक वा सो भन्दा बढी विमा कम्पनीको छनौट कोषले गर्नेछ ।

(३) प्रस्तुत विमाले नियतवस ऋण नतिर्ने सम्वन्धी जोखिमको बहन गर्ने छैन ।

**१४. ब्याजको दर र अनुदान :**

(१) स्वरोजगार कार्यक्रम अन्तर्गतको ऋण लगानीको ब्याजदर लगानी गर्ने संस्थाले तोकेको ब्याजदर हुनेछ ।

(२) ऋणीले ऋणको प्रत्येक किस्ता चुक्ता गरेपछि सो किस्तामा लागेको ब्याजको साठी प्रतिशत रकम सम्बन्धित ऋणीलाई नै अनुदानको रुपमा फिर्ता दिने व्यवस्था मिलाईनेछ ।

क्रमशः

## १५. ऋण असुली र कारवाही :

(१) ऋणीले ऋणको साँवा व्याजको भुक्तानी किस्तावन्दी ऋणको प्रकृति हेरि लगानी संस्थाले तय गर्नेछ ।

(२) जुन उद्देश्य र प्रयोजनको लागि ऋण लिइएको हो सो बमोजिम कार्य नगरी ऋण दुरुपयोग गरी साँवा, व्याज भुक्तानी नगरेमा प्रचलित कानून बमोजिम ऋणीबाट सरकारी वाकी सरह साँवा, व्याज असूल गरिनेछ ।

(३) कर्जा सूचना केन्द्रमा त्यस्ता व्यक्तिको नामावली राखी खराव ऋणीलाई हुने कारवाही गर्ने, राहदानी नदिने र यस्ता व्यक्तिको आवश्यकता अनुसार नामावली सार्वजनिक गरिने लगायत अन्य कार्यवाही गरिनेछ ।

क्रमशः

## १६. <u>बजार व्यवस्थाः</u>

त्यस्ता उत्पादित सामाग्रीहरू सहकारी संस्थाले आफ्नो कारोवारको क्षेत्रभित्र रही खरीद मूल्य निर्धारण गरी खरिद गर्ने र विक्री गर्ने व्यवस्थाको लागि सहुलियत दरमा त्यस्ता सहकारी संस्थालाई ऋण उपलव्ध गराउने व्यवस्था कोषले गर्न सक्नेछ ।

# परिच्छेद ५

# खर्चको निकासा, लेखाङ्कन र प्रतिवेदन

१७. **प्रस्ताव पेश गर्नु पर्ने** : (१) कोषको उद्देश्य हासिल हुने विशेष प्रकृतिका कार्यक्रम संचालन गर्न आवश्यक भएमा वित्तीय संस्था तथा तालिम दिने निकायवाट कोषले तोकिएको ढाँचामा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्राप्त प्रस्ताव जाँचबुझ गरी सो प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त देखिए समितिले त्यस्तो प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रस्ताव स्वीकृत भए पछि तोकिएको ढाँचामा कोष र वित्तीय संस्था तथा कोष र तालिम दिने निकाय बीच सम्झौता गर्नु पर्नेछ ।

१८. **कोषको रकम खर्च गर्ने कार्यविधि** :

कोषको रकम खर्च गर्ने कार्यविधि समितिले स्वीकृत गरे वमोजिम हुनेछ र लेखा प्रणाली समितिले तोके वमोजिम हुनेछ ।

क्रमशः

१९. **खर्चको लेखाङ्कन :**

(१) यस निर्देशिका बमोजिम खर्चको लेखा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम राख्नु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम लेखा सम्बन्धी कागजात आयोजना सम्पन्न भएपछि सम्बन्धित निकायले कोषमा बुझाउनु पर्छ ।

(३) कुनै दातृ पक्षले उपलव्ध गराएको रकम वा सामाग्रीको श्रेस्ता सो उद्देश्य र प्रयोजन खुल्ने गरी राख्नु पर्नेछ ।

२०. **प्रतिवेदन पेश गर्नुपर्ने :**

आयोजना कार्यान्वयन निकायले चौमासिक तथा बार्षिक रुपमा आफ्नो प्रगती विवरण प्रतिवेदन कोषमा बुझाउनु पर्नेछ । कोषले आफु समक्ष जम्मा भएको नगद र बस्तुगत सहायता र त्यस्तो नगद र वस्तुगत सहायताको खर्चको हिसाब तोकिए बमोजिम प्रत्येक चार चार महिनामा सार्वजनिक गर्नुपर्नेछ ।

२१. **लेखापरीक्षण :** कोषको आन्तरिक लेखापरीक्षण कोषले नियुक्त लेखापरीक्षकवाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकले नियुक्त लेखापरीक्षकवाट हुनेछ ।

# परिच्छेद ६

# विविध

२२. **कोषको सचिवालय** : कोषको सचिवालय अर्थ मन्त्रालयमा रहनेछ ।

२३. **कार्यकारी निर्देशक** : (१) कोषको सदस्य सचिव प्रशासकीय प्रमुखको रुपमा रहनेछ ।

(२) कार्यकारी निर्देशकको अन्य काम,कर्तव्य र अधिकार कोष संचालक समितिले तोके बमोजिम हुनेछ ।

२४. **कोषको सचिवालयको कर्मचारी** : (१) कोषको सचिवालयमा देहाय बमोजिमका कर्मचारीहरू रहने छन् :-

| | |
|---|---|
| (क) कोष व्यवस्थापक | १ |
| (ख) चार्टड एकाउण्टेण्ट | १ |
| (ग) शाखा अधिकृत | १ |
| (घ) शाखा अधिकृत (महिला आदिवासी, जनजाति) | १ |
| (ङ) कम्प्यूटर अपरेटर | २ |
| (च) कार्यलय सहयोगी | २ |
| (छ) सवारी चालक | २ |

(२) उपनियम (१) मा उल्लेखित कर्मचारी कोषले करारमा नियुक्ति गर्न सक्ने छ र कार्यविवरण कोषले तोके बमोजिम हुनेछ ।

(३) अर्थ मन्त्रालयले चाहेमा कोषमा काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्न सक्नेछ ।

क्रमशः

२५. **अभिलेख राख्नु पर्ने :** (१) कोषले आफुले गरेको काम कारवाहीको अभिलेख राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको अभिलेख कोषको प्रयोजन समाप्त भएपछि कोषले अर्थ मन्त्रालयलाई बुझाउनु पर्ने छ ।

२६. **कोषको प्रशासकीय खर्च :** (१) एक आर्थिक वर्षमा कोषमा रहेको मौज्दात रकमको अधिकतम एक प्रतिशतसम्म कोषको प्रशासकीय काममा कोष संचालक समितिले स्वीकृत गरेको बजेटको अधिनमा रहेर खर्च गर्न सकिनेछ । मौज्दात रकम गणना गर्ने प्रयोजनका लागि आर्थिक वर्षको अवधिमा कुनै दिन रहेको उच्चतम मौज्दातलाई आधार बनाइनेछ ।

२७. **सम्पर्क मन्त्रालय** : कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२८. **कोष रहने अवधि :** (१) नेपाल सरकारले कार्यक्रमको प्रभावकारिताको आधारमा कोषको अवधि तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विघटन हुँदा कोषको सम्पति र दायित्व नेपाल सरकारमा सर्नेछ ।

२९. **निर्देशिका जारी गर्न सक्ने** : यो नियमावलीको कार्यान्वयनको लागि समितिले आवश्यक पर्ने निर्देशिका जारी गर्न सक्नेछ ।